त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
सुर्खेत बहुमुखी क्याम्पस
Surkhet Multiple Campus

क्याम्पस फोन : ५२०३०७
: ५२०२९८
आवास : ५२०२९७
फ्याक्स : ०८३-५२०३०७
E-mail: info@sc.tu.edu.np
क्याम्पस रोड, वीरेन्द्रनगर, सुर्खेत
Campus Road, Birendranagar, Surkhet

च. नं. :
D.No.:
पत्र संख्या / Ref. No.: २०८३/०८४

मिति /Date: २०८३/०४/१५

## परीक्षामा अनिवार्य उपस्थिति सम्बन्धी सूचना ।

त्रि.वि.रजिष्ट्रारको कार्यालयको च.नं.५८० मिति २०८३/०४/१४ को प्राप्त परिपत्र बमोजिम प.नि.का. बल्खुद्वारा सञ्चालन हुने वार्षिक प्रणाली तथा डीन कार्यालयद्वारा सञ्चालन हुने सेमेष्टर प्रणालीका परीक्षाहरूमा आवश्यकता बमोजिम खटाइएका शिक्षक तथा कर्मचारीहरूलाई आवश्यकता अनुसार आफ्नो तोकिएको जिम्मेवारीमा रही आफ्नो जिम्मेवारी र कर्तव्य सम्झेर परीक्षा सञ्चालनको समयमा अनिवार्य रूपमा उपस्थित हुन सूचित गरिन्छ । त्रि.वि.रजिष्ट्रारको कार्यालयबाट प्राप्त पत्र यसैसाथ संलग्न रहेको छ ।

२०८३।४।१५

(माधवप्रसाद खनाल)
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख
सुर्खेत बहुमुखी क्याम्पस

CamScanner

त्रिभुवन विश्वविद्यालय

# रजिष्ट्रारको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या : र. का.च.नं. ५८०/ ०८३/०८४

मिति:२०८३।४।१४ गते

श्री सबै डीनको कार्यालयहरु, त्रिभुवन विश्वविद्यालय ।
श्री सबै क्याम्पसहरु, त्रिभुवन विश्वविद्यालय ।
श्री सबै केन्द्रीय बिभागहरु, त्रिभुवन विश्वविद्यालय ।

**विषय : परीक्षामा उपस्थिती सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा उच्च शिक्षाको विकास र दक्ष जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यका साथ राष्ट्रकै सबैभन्दा जेठो र ठूलो विश्वविद्यालयको रुपमा स्थापित त्रिभुवन विश्वविद्यालय गुणस्तरीय शिक्षा र मर्यादीत तथा व्यवस्थित परीक्षा प्रणालीका कारण उत्पादित जनशक्तिद्वारा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अब्वल क्षमतावान विश्वविद्यालयको रुपमा गौरवशाली ईतिहास रचेको हामी सबै सामु छर्लङ्ग छ। उत्कृष्ठ विश्वविद्यालयको रुपमा आफ्नो पहिचान बनाएको यस विश्वविद्यालयमा वेला बखत पठन पाठन तथा परीक्षा सञ्चालनमा भईरहेका उच्छृंखल तथा अमर्यादीत गतिविधिका कारण विश्वविद्यालयको साखमा आँच नआओस् भनि उच्च सतर्कता अपनाउँदै अझ बढी विश्वसनीय र गुणस्तरीय शिक्षाको लागि परीक्षा प्रणालीलाई व्यवस्थित,मर्यादित र अनुशासित बनाउने हेतुले परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा सञ्चालित वार्षिक परीक्षा तथा डीन कार्यालयद्वारा सञ्चालित सेमेष्टर परीक्षाहरुमा निकाय प्रमुखहरुले कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकता बमोजिम परीक्षा सञ्चालन कार्यमा संलग्न गराउनु हुन र निकायले आवश्यकता बमोजिम जिम्मेवारी तोकेको अवस्थामा आफ्नो जिम्मेवारी र कर्तव्य संझेर परीक्षा सञ्चालनको समय अनिवार्य रुपमा तोकिएको जिम्मेवारी पालना गर्नुहुन सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई अनुरोध गर्दछु ।

.................................
(प्रा.डा. महानन्द चालिसे)
नि.रजिष्ट्रार

अवगतार्थ :
श्रीमान् उपकुलपतिज्य, त्रि.वि.कीर्तिपुर ।
श्रीमान् शिक्षाध्यक्षज्यू, त्रि.वि.कीर्तिपुर ।
बोधार्थ :
श्री परीक्षा नियन्त्रण कार्यालय, बल्खु काठमाण्डौ ।

CamScanner